# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, असार २७ गते, २०८१ साल (अतिरिक्ताङ्क ०६

## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८१ सालको ऐन नं. ०१

### आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**: आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन संवत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्छ।

(ख) "निकाय" भन्नाले यस ऐनबमोजिम बजेट विनियोजन हुने मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय र कार्यालय सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम बजेट विनियोजन भएका सङ्घ र स्थानीय तहका निकायलाई समेत जनाउँछ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनु पर्छ।

(घ) "बजेट सूचना प्रणाली" भन्नाले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(च) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र तोकिएका मन्त्रालय सम्झनु पर्छ।

३. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८१/०८२ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम एक करोड चौबिस लाख बयालिस हजार रुपैयाँ बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च, महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकमसमेत गरी महल ७ मा उल्लिखित जम्मा एकतीस अर्ब

उनान्चालिस करोड पचहत्तर लाख उनान्सय हजार रुपैयाँमा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिन आएमा मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकमान्तर गर्न सक्नेछ। त्यसरी रकमान्तर गर्दा घटाउने अनुदान सङ्ख्याको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट उपशीर्षक वा बजेट शीर्षकमा रकमान्तर गर्दा यो सीमा लागू हुने छैन।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फका शीर्षकमा विनियोजित रकम त्यस्तो खर्चतर्फका शीर्षक बाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षकमा रकमान्तर गर्दा मन्त्रालयले सम्बन्धित क्रियाकलापमा सुरू विनियोजन भन्दा बढी नहुने गरी रकमान्तर गर्न सक्नेछ। बहुवर्षीय तथा स्रोत सुनिश्चितता भएका आयोजनाको हकमा यो सीमा लागू हुने छैन।

तर पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न पाइने छैन।

(४) बहुवर्षीय तथा स्रोत सुनिश्चितता भएका आयोजनामा विनियोजित रकम अन्य बहुवर्षीय तथा स्रोत सुनिश्चितता भएका आयोजना बाहेक अन्यत्र रकमान्तर गरिने छैन।

(५) स्थानीय तहका लागि अनुदान सङ्ख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम अन्य अनुदान सङ्ख्यामा र अर्को स्थानीय तहमा रकमान्तर गरी सार्न पाइने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ को अर्थ वित्तीय व्यवस्था र अनुदान सङ्ख्या ६०२ को अर्थ विविधमा विनियोजन भएको रकम चालु, पुँजीगत र वित्तीय व्यवस्थाका जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा आवश्यक रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी थप गर्न वा घटाउन र खर्च जनाउन मन्त्रालयलाई बाधा पर्ने छैन।

(७) कर्णाली प्रदेशभित्र विपद् वा महामारीका कारण अत्यावश्यक कार्य गर्नुपर्ने अवस्था भएमा सम्बन्धित जिल्लाको विपद् व्यवस्थापन समितिको सिफारिसमा प्रदेश सरकारको निर्णयका आधारमा अनुसूची-२ मा उल्लिखित अनुदान सङ्ख्यामध्ये बचत हुन आउने जुनसुकै अनुदान सङ्ख्याबाट सम्बन्धित अनुदान सङ्ख्यामा रकमान्तर गर्न सकिनेछ।

(८) विनियोजित बजेटको कुनै एउटा अनुदान सङ्ख्याको बजेट उपशीर्षकको खर्च शीर्षकबाट सोही बजेट उपशीर्षकको अन्य खर्च शीर्षकमा रकमान्तर गर्दा सोको पुष्ट्याइँ सहित सम्बन्धित मन्त्रालयको निर्णयको आधारमा मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकै अनुदान सङ्ख्याभित्रको एकभन्दा बढी बजेट उपशीर्षकमा बाँडफाँट भएको देहायको एकै खर्च शीर्षकको रकम एक बजेट उपशीर्षकबाट घटाइ अर्को बजेट उपशीर्षकमा थप गर्नुपर्ने भएमा वा एउटै बजेट उपशीर्षक अन्तर्गत एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाइ अर्को निकायमा थप गर्नुपर्ने भएमा थप गरिने खर्च शीर्षकमा सुरू

विनियोजित बजेटको पच्चीस प्रतिशतमा नबढ्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा क्रियाकलाप परिवर्तन नहुने गरी रोक्का राखी खर्च शीर्षकमा स्वीकृत दरबन्दीभित्र रही सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले रकमान्तर तथा कार्यक्रम संशोधनको निर्णय गरी बजेट सूचना प्रणालीमा अद्यावधिकका लागि मन्त्रालयमा पठाउनु पर्नेछः-

| क्र.सं. | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११३१ | स्थानीय भत्ता |
| ६ | २११३२ | महङ्गी भत्ता |
| ७ | २११४२ | पदाधिकारी अन्य सुविधा |
| ८ | २१२१२ | योगदानमा आधारित निवृत्तीभरण तथा उपदान खर्च |
| ९ | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |

(१०) उपदफा (९) बमोजिम अद्यावधिकको लागि प्राप्त हुन आएमा मन्त्रालयले बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

५. <u>**अन्तर-सरकारी वित्तीय हस्तान्तरणः**</u> (१) अनुदान सङ्ख्या ८०१ को रकम कानूनबमोजिम खर्च गर्ने गरी वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रूपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयले हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान चार किस्तामा बराबर हस्तान्तरण गरिनेछ। त्यसरी हस्तान्तरण गर्दा पहिलो किस्ता भाद्र सात गते, दोस्रो किस्ता कार्तिक सात गते, तेस्रो

किस्ता माघ सात गते र अन्तिम किस्ता वैशाख सात गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले अघिल्लो आर्थिक वर्षको वार्षिक आर्थिक विवरण साउन मसान्तभित्र र चालु आर्थिक वर्षमा हस्तान्तरित रकमको खर्च विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयमा पेश नगरेमा दोस्रो तथा त्यसपछिका किस्ता बापतको रकम हस्तान्तरण गरिने छैन।

(४) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये ससर्त अनुदान रकमको एक चौथाइले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र सात गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम हस्तान्तरण भएको अनुदान रकमको प्रगतिको आधारमा थप रकम हस्तान्तरण गर्नु पर्नेछ।

(६) स्थानीय तहले ससर्त अनुदानबापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि खर्च गर्ने गरी वार्षिक विकास कार्यक्रम र सम्बन्धित स्थानीय तहको गाउँसभा वा नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(७) स्थानीय तहले प्रदेश सरकारबाट प्राप्त भएको ससर्त अनुदानको भौतिक प्रगति तथा खर्च भएको रकमको आर्थिक विवरण साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ।

(९) यस दफा बमोजिम हस्तान्तरण भएको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकममध्ये आषाढ मसान्तसम्म खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहले साउन पन्ध्र गतेभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम रकम दाखिला नगर्ने स्थानीय तहलाई चालु आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान रकमबाट कट्टा गरी समायोजन गरिनेछ।

(११) मन्त्रालयले माग गरेको वित्तीय तथा भौतिक प्रगति विवरण पेस नगर्ने स्थानीय तहलाई उपदफा (१) बमोजिम उपलब्ध गराइने जुनसुकै अनुदान रकम रोक्का गर्न सक्नेछ।

(१२) मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भइ लक्ष्य अनुरूप राजस्व सङ्कलन नभएमा र सङ्घीय सरकारबाट प्रदेशलाई हस्तान्तरण हुने रकममा न्यूनता आएमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ताबाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्न सक्नेछ।

६. **<u>कार्यक्रम वा आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायमा रहेको कार्यक्रम वा आयोजना स्थानीय तहमार्फत गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले प्रदेश सरकारको स्वीकृतिमा स्थानीय तहले कार्यान्वयन गर्ने गरी अख्तियारी प्रदान गर्न सक्नेछ।

तर सङ्घीय सरकारबाट तोकिएकोमा बाहेक सङ्घीय ससर्त, समपूरक र विशेष अनुदानको रूपमा प्रदेश सरकारलाई प्राप्त कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि स्थानीय तहमा अख्तियारी प्रदान गर्न तथा हस्तान्तरण गर्न पाइने छैन।

(२) मन्त्रालयको सहमति र विषयगत मन्त्रालयको प्रस्तावमा दीर्घकालीन दायित्व नपर्ने गरी सङ्घीय सरकारको कार्यक्षेत्रमा पर्ने,

अत्यावश्यक देखिएको र सङ्घीय बजेट तथा कार्यक्रमले सम्बोधन नगरेको विषयमा कुनै कार्यक्रम वा आयोजना सङ्घीय सरकार अन्तर्गतको निकाय मार्फत कार्यान्वयन हुने गरी प्रदेश सरकारले निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालय र सङ्घीय अर्थ मन्त्रालयको सहमति प्राप्त भएको हुनु पर्नेछ।

(४) प्रदेश सरकारको बजेट तथा कार्यक्रममा परेको विषय सङ्घीय सरकार अन्तर्गतको कार्यालयबाट कार्यान्वयन गर्नुपर्ने औचित्य र आवश्यकता देखिएमा सम्बन्धित सङ्घीय मन्त्रालय र सङ्घीय अर्थ मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले कुनै कार्यक्रम वा आयोजना सङ्घीय सरकार अन्तर्गतको कार्यालय मार्फत कार्यान्वयन गराउन सक्नेछ।

(५) कुनै स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना सम्बन्धित स्थानीय तहले प्रदेश सरकार मातहतको कार्यालयबाट कार्यान्वयन गराउन अनुरोध गरेमा विषयगत मन्त्रालय र मन्त्रालयको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन सकिनेछ।

(६) उपदफा (५) बमोजिम कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ।

(७) उपदफा (१), (२), (४) र (५) बमोजिम कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा सोको जानकारी सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, स्थानीय तह र प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

७. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः** यस ऐन बमोजिम प्रदेश सरकारबाट विनियोजित वा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम वा आयोजना

अख्तियारीको रूपमा स्थानीय तह वा सङ्घीय सरकार अन्तर्गतका कार्यान्वयन गर्ने निकायले प्रदेश सरकार अन्तर्गतको इकाईको रूपमा प्रदेश कानून बमोजिम लेखा राख्ने, लेखापरीक्षण गराउने र प्रतिवेदन गर्ने समेतको वित्तीय उत्तरदायित्व बहन गर्नु पर्नेछ।

८. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था</u>:** (१) सङ्घीय सरकार तथा प्रदेश सरकारको अनुदानमा निर्माण गरिने सामुदायिक भवन तथा यस्तै प्रकृतिका सार्वजनिक उपयोगका संरचना व्यक्तिगत तथा निजी जग्गामा निर्माण गर्न पाइने छैन।

(२) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ।

(३) ससर्त, समपूरक तथा विशेष अनुदानको रकम बचत रहेमा अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन। आर्थिक वर्षको अन्त्यमा बचत रहेको त्यस्तो रकम अनुदान हस्तान्तरण गर्ने सङ्घीय सरकार वा प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) वार्षिक बजेट तथा कार्यक्रममा समावेश नभएको आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा मन्त्रालयको सहमति लिनु पर्नेछ।

९. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति</u>:** (१) यस ऐन बमोजिम विनियोजित रकमको खर्च गर्ने अख्तियारी प्रचलित कानूनको अधीनमा रही यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) प्रदेश सरकारको कुनै निकायलाई विनियोजन भएको रकम एकभन्दा बढी निकायबाट खर्च गर्नुपर्ने अवस्थामा त्यस्तो रकम खर्च गर्ने निकायलाई असोज मसान्तभित्र बाँडफाँट गरी अख्तियारी प्रदान गर्न मन्त्रालयमा पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपदफा (३) बमोजिमको अवधिभित्र बाँडफाँट गर्न नसकेमा सोको कारण खुलाई मंसिर मसान्तभित्र बाँडफाँटको लागि आयोगको सिफारिस सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम अनुरोध भई आएमा मन्त्रालयले बजेट सूचना प्रणालीमा अद्यावधिक गरी सोको जानकारी सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको अवधिभित्र बाँडफाँट नगरेमा त्यस्तो रकम स्वत: समर्पण भएको मानिनेछ।

तर सङ्घीय सरकारबाट आर्थिक वर्षको बिचमा प्राप्त हुने वित्तीय हस्तान्तरणको हकमा यो व्यवस्था लागू हुने छैन।

(७) उपदफा (५) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(८) एकमुस्ट रूपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधन गर्न पाइने छैन।

(९) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(१०) बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने पर्याप्त आधार र कारण खुलाई सम्बन्धित निकायको मन्त्रालयबाट अनुरोध भइ आएमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

(११) उपदफा (१०) बमोजिम संशोधन भएको जानकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(१२) विषयगत मन्त्रालय, आयोग, सचिवालय वा निकायबाट स्पष्ट कारण र औचित्य खुलाई बजेट सूचना प्रणालीमा समावेश भएको कुनै एउटा अनुदान सङ्ख्याको बजेट उपशीर्षकबाट अर्को अनुदान सङ्ख्याको

बजेट उपशीर्षकमा वा कुनै एउटा अनुदान सङ्ख्याभित्रको बजेट उपशीर्षकमा रहेको क्रियाकलापको रकम अर्को बजेट उपशीर्षकको क्रियाकलापमा रकमान्तरको लागि अनुरोध गरेमा आयोगको सिफारिसमा मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

तर,

(क) रकमान्तर गर्दा रकम विनियोजन भएका बाहेक नयाँ आयोजना वा क्रियाकलाप समावेश गर्न पाइने छैन।

(ख) स्थानीय तहमा हस्तान्तरित कार्यक्रम संशोधन गर्दा आयोगको सिफारिस आवश्यक पर्ने छैन।

(ग) उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा रकम थप गर्न पाइने छैन।

(१३) विनियोजित बजेटको कार्यान्वयनलाई प्रभावकारी बनाउन स्वीकृत बजेट खर्च शीर्षक र रकममा फरक नपर्ने तथा क्रियाकलापमा तात्त्विक रूपमा फरक नपर्ने गरी बजेट सूचना प्रणालीमा प्रविष्ट भएका क्रियाकलापको नाम, ठेगाना तथा अन्य सामान्य भाषिक शब्दावलीमा भएको त्रुटि सच्याउनको लागि सम्बन्धित विषयगत मन्त्रालयले अनुरोध गरेमा मन्त्रालयले चैत्र मसान्तसम्म सच्याउन सक्नेछ।

(१४) प्रदेश सरकारबाट स्थानीय तहलाई ससर्त अनुदान मार्फत कार्यान्वयन हुने गरी निर्धारण भएको कार्यक्रम तथा आयोजना संशोधन गर्नुपर्ने भएमा विषयक्षेत्र तथा विनियोजित रकम परिवर्तन नहुने गरी सोको स्पष्ट कारण र पुष्ट्याइँसहित कायम हुने आयोजनाको लागत अनुमान र सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय समेतका आधारमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

(१५) उपदफा (१४) बमोजिम कार्यक्रम संशोधन गर्नुपर्ने भएमा मन्त्रालयले चैत्र मसान्तसम्म संशोधन गर्न सक्नेछ।

**१०. <u>कानून विपरीत विनियोजन भएको नमानिने</u>**ः यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानून बमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा

नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरीत भएको मानिने छैन।

**११. <u>यस ऐन बमोजिम हुने</u>:** यस ऐनमा उल्लिखित विषय यस ऐन बमोजिम हुनेछ र यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**१२. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>:** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ। त्यस्तो मार्गदर्शन सबै निकाय वा कार्यालयले पालना गर्नु पर्नेछ।

**१३. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>:** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

**नेपालको संविधानबमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

**(रु. हजारमा)**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्ख्या** | **निकायको नाम** | **चालु खर्च** | **पुँजीगत खर्च** | **जम्मा** |
| १. | २०२ | प्रदेश व्यवस्थापिका (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | ७३४२ | - | ७३४२ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग (अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा) | ५१०० | - | ५१०० |
| **जम्मा** | | | १२४४२ | | १२४४२ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ३ र दफा ४ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजित हुने रकम**

**(रु. हजारमा)**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्ख्या** | **निकायको नाम** | **चालु खर्च** | **पुँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १२९००८ | ८६५० | | १३७६५८ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९१९०० | २००० | | ९३९०० |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७२०० | ५०० | | १७७०० |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३२०७५२ | ६०५३८ | | ३८१२९० |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १६२२०६ | १३१४९ | | १७५३५५ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा | ८२९८२५ | १११४९६१ | | १९४४७८६ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वातावरण मन्त्रालय | | | | |
| ७ | ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २५९४१३ | २६०९००३ | | २८६८४१६ |
| ८ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १३७२०६६ | ४९५१५० | | १८६७२१६ |
| ९ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २५२३०० | ४४१४० | | २९६४४० |
| १० | ३३७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | २८७२१५ | १०१७८२२४ | | १०४६५४३९ |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | ३०००७६५ | २७२३५५३ | | ५७२४३१८ |
| १२ | ३९१ | कर्णाली प्रदेश योजना आयोग | ४०५०० | १००० | | ४१५०० |
| १३ | ५०१ | अर्थ-वित्तीय व्यवस्था | | | २५००००० | २५००००० |
| १ | ६०२ | अर्थ-विविध | ८००००० | १५००००० | | २३००००० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | | | | | |
| १५ | ८०१ | स्थानीय तह | ४८३३५८१ | | | ४८३३५८१ |
| | | **कुल जम्मा** | **१२३९६७३१** | **१८७५०८६८** | **२५००००** | **३१३९७५९९** |

प्रमाणीकरण भएको मितिः २०८१/०३/२७

आज्ञाले,
लिला प्रसाद ढकाल
प्रदेश सरकारको निमित्त सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय